प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर

कोशी प्रदेश, नेपाल

## पशुपन्छी सम्बद्ध प्राकृतिक प्रकोप/विपदजन्य क्षतिको राहत वितरण कार्यक्रमको लागि आवेदन पेश गर्ने सूचना

**सूचना नं.३**

***सूचना प्रकाशित मिति : २०८१/०६/२१***
***प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०८१/०७/०५***

यस बिज्ञ केन्द्रको आ.व.०८१/०८२ को बार्षिक कार्यक्रम अनुसार पशुपन्छी सम्बद्ध प्राकृतिक प्रकोप/विपदजन्य क्षतिको राहत वितरणको लागि तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी १५ (पन्ध्र) दिनभित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।
प्राप्त आवेदनको आधारमा पशुपन्छीधन क्षतिको मूल्याङ्कन गरी नेपाल सरकारबाट जारी "विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४"को दफा १६ उपदफा (१) बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णयबाट विनियोजित बजेटको सिमाभित्र रही राहत वितरण गरिनेछ।
थप जानकारीको लागि कार्यालयको फोन नं.०२४-५२२१२७/५२२४६९/मो.नं.९८५२६६०१२७ मा सम्पर्क राख्नु गर्नु हुन सूचित गरिन्छ।

**आवेदनसाथ संलग्न हुनु पर्ने कागजातहरु :**

१.क्षतिको विवरण सहित राहत माँगको निवेदन।
२.नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३.सम्बन्धित वडा कार्यालयको क्षति मूल्याङ्कन सहितको सिफारिस पत्र
४.सम्बन्धित स्थानीय तह, पशु सेवा शाखाको सिफारिस पत्र
५.क्षतिको विवरण खुलाइएको प्रहरी मुचुल्का
६.क्षतिको विवरण खुल्ने रङ्गीन फोटोहरु
७.आवेदक छनौटको सूचना पश्च्यात चेकबुकको प्रतिलिपी र स्थायी लेखा नं.पेश गर्नुपर्नेछ।

**आवेदन पेश गर्ने स्थान :**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर
पाँचथर जिल्ला, स्थानीय तहको पशु सेवा शाखाहरु।

०६/२१
डा. मनोज कुमार महतो
कार्यालय प्रमुख